नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको मनोनयन/नियुक्तिका लागि रोष्टर सूचिमा सुचिकृत हुन आवेदन दिने उम्मेदवारहरुको अन्तरवार्ता सम्बन्धी सूचना**

मिति २०८३/०६/०८

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको रिक्त सदस्य पदमा मनोनयन/नियुक्तिका लागि मिति २०८३/०५/०१ गते यस मन्त्रालयको वेबसाइटमा प्रकाशित सूचना बमोजिम नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम नेपाल फार्मेसी परिषद्को सदस्य पदमा नियुक्तिका लागि प्राप्त आवेदनमध्ये मिति २०८३/०५/१७ गते प्रकाशित अन्तर्वार्ता सूचनामा भूलवश केही आवेदकको नाम छुट्न गएको सम्बन्धमा सिफारिस समितिको मिति २०८३/०६/०५ गतेको बैठकबाट छुट भएका आवेदकहरूलाई समेत अन्तर्वार्तामा सहभागी गराउने निर्णय भएकोले तपसिल बमोजिम अन्तर्वार्तामा उपस्थित हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्तर्वार्तामा उपस्थित हुँदा शैक्षिक योग्यता, कार्य अनुभव तथा सम्बन्धित व्यावसायिक परिषद्को अद्यावधिक दर्ता प्रमाणपत्रको सक्कल प्रति र सोको एक/एक थान प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

<u>तपशिल:</u>

नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम

| क्र.सं | आवेदकको नाम थर |
|---|---|
| १ | निरज बतौंला |
| २ | साहादत मन्सुरी |

**प्रस्तुतिकरण तथा अन्तर्वार्ता हुने स्थान, मिति र समयः**

**स्थानः स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार।**

| संस्थाको नाम | पद | मिति | समय |
|---|---|---|---|
| नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सदस्य पदमा मनोनयनका लागि | अध्यक्ष | २०८३/०६/१२, सोमबार | दिउँसो १:०० बजे |

**नोटः** हाल जल तथा मौसम विज्ञान विभागबाट जारी सूचनतालाई दृष्टिगत गर्दै भौतिक रूपमा उपस्थित हुन नसक्ने उम्मेदवारहरूका हकमा भर्चुअल (अनलाइन) माध्यमबाट समेत अन्तर्वार्तामा सहभागी हुने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ। साथै भौतिक रुपमा सहभागी हुन नसक्ने सहभागीहरुले अन्तर्वार्ता हुने मितिको एक दिन अगावै <u>mohpnominationcommittee@gmail.com</u> मा ईमेल गरी सोको जानकारी गराउनुहुन पनि सूचित गरिन्छ।